DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन निर्माणमा ढिलाइ

अंक ३ मंसिर २०८०

## सारांश

*बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन,* २०७१ लाई संशोधन गर्न बनेको विधेयक फागुन २५, २०७९ मा प्रतिनिधिसभामा दर्ता भएको छ। प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिमा उक्त विधेयकसम्बन्धमा गठित उपसमितिले मस्यौदाका धेरै विषयमा सहमति जुटाए पनि विधेयक अहिले समितिमै विचाराधीन छ। द्वन्द्व पीडितहरूले अहिलेको विधेयकमा छलफल गर्नुपर्ने बुँदाहरूलाई चाँडै सल्टाएर पास गर्न माग गरेका छन्। सत्ता पक्ष र प्रतिपक्षको राजनीतिक लेनदेन र स्वार्थको कोपभाजनमा परी विधेयक पास हुन ढिला भएको छ। तसर्थ विधेयक पास गरी पीडितहरूको सहभागिता र सहकार्यमा सङ्क्रमणकालीन न्यायसम्बन्धी कामकारवाही निष्कर्षमा पुऱ्याउन अति आवश्यक देखिन्छ।

## १. परिचय

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादी (नेकपा माओवादी) ले राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी विभिन्न माग राख्दै फागुन १, २०५२ देखि राज्यविरुद्ध सशस्त्र सङ्घर्ष थाल्यो। सशस्त्र सङ्घर्षको अवधिमा विद्रोही नेकपा माओवादी र राज्य दुवै पक्षबाट भएको हिंसा प्रतिहिंसाका घटनामा हजारौँ व्यक्तिहरू गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, अङ्गभङ्ग, यातना एवं बलात्कार तथा यौनजन्य हिंसाका शिकार भए। द्वन्द्वको चपेटामा परेर मानिसहरू आफ्नो थातथलो छोड्न बाध्य भए।

२०६२ सालमा सात राजनीतिक दल र नेकपा माओवादीले गरेको संयुक्त जनआन्दोलनको सफलतापछि विद्रोही नेकपा माओवादी मूलधारको राजनीतिमा आयो। मंसिर ५, २०६३ मा नेपाल सरकार र नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताले एक दशक लामो सशस्त्र विद्रोहको औपचारिक अन्त्य गराएको थियो। त्यसपछि दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धका अपराधबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्न सहमत भएका थिए। विस्तृत शान्ति सम्झौताअनुसार नै नेपालको *अन्तरिम संविधान,* २०६३ मा सशस्त्र द्वन्द्वमा मारिएका व्यक्तिको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएका व्यक्तिहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापना गर्ने व्यवस्था गरिएको थियो। त्यसमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूबारे गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने व्यवस्था पनि थियो।

शान्ति प्रक्रियाका मुख्य तीन काम- सेना तथा हतियार व्यवस्थापन, संविधानसभाबाट संविधान निर्माण र सङ्क्रमणकालीन न्याय निरूपण हुन्। तीमध्ये अघिल्ला दुई काम सम्पन्न भए पनि सङ्क्रमणकालीन न्यायको मुद्दा भने थाती रहेको छ। चैत १, २०६९ मा *बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग अध्यादेश,* २०६९ जारी भयो। यसमा बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलापका लागि एउटै आयोग गठन गर्ने व्यवस्था थियो। सोविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछि दुई छुट्टाछुट्टै आयोग गठन गर्न आदेश जारी भयो। वैशाख २७, २०७१ मा *बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन,* २०७१ जारी भयो। उक्त ऐनले द्वन्द्वका क्रममा भएका जघन्य मानवअधिकार उल्लङ्घनका अपराधहरूमा समेत आममाफीको व्यवस्था गरेको थियो। यसका अन्य प्रावधानहरू पनि सङ्क्रमणकालीन न्यायका स्थापित अन्तर्राष्ट्रिय मापदण्डविपरीत रहेको भन्दै सर्वोच्च अदालतले तिनलाई सच्याउन आदेश दिएको थियो। मूल ऐनमा दुई पटक संशोधन भइसके पनि त्यसमा सर्वोच्च अदालतको फैसलाअनुसार आममाफी दिने लगायतका प्रावधानमा भने कुनै परिवर्तन भएको थिएन। उक्त ऐनबमोजिम माघ २७, २०७१ मा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भयो। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको लगत राख्ने र तिनका पीडित परिवारलाई राहत दिने जस्ता केही काम गरे पनि सत्य निरूपण तथा मेलमिलापमा कुनै प्रगति भएको छैन। शान्ति सम्झौता भएको १७ वर्ष भइसक्दा पनि पीडितहरू सत्य थाहा पाउने अधिकारबाट वञ्चित भएका छन् भने दोषीउपर कुनै कारवाही हुन सकेको छैन।

पुष्पकमल दाहाल नेतृत्वको सरकारले *बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन,* २०७१ लाई संशोधन गर्न बनेको विधेयक फागुन २५, २०७९ मा प्रतिनिधिसभामा दर्ता गऱ्यो। प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिमा उक्त विधेयकसम्बन्धमा गठित उपसमितिले मस्यौदाका धेरै विषयमा सहमति जुटाए पनि विधेयक अहिले समितिमै विचाराधीन छ। यो राजीतिक परिवेश विश्लेषणमा सोही कानून निर्माणमा भइरहेको ढिलाइका पक्षबारे केलाउने कोसिस गरिएको छ।

## २. प्रतिनिधिसभामा विचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक

नेपाली सन्दर्भमा सङ्क्रमणकालीन न्यायबारे बुझाइमा केही समस्या थिए। त्यसैले यसबारे बनेका नीति पीडितको अधिकार र आवश्यकतामा भन्दा पनि निर्णायक तहमा भएका राजनीतिक दलका नेता तथा सुरक्षा निकाय जस्ता शक्तिसम्पन्न समूहको हितबाट प्रेरित भएको पाइन्छ। यस प्रसंगलाई एक प्रतिवेदनमा यसरी उल्लेख गरिएको छ, "राज्यका विभिन्न निकायले सङ्क्रमणकालीन न्यायको त्यस्तो संस्करणलाई प्रवर्द्धन गरेका छन् जुन सत्यको अपव्याख्याको अवधारणा र पीडितको उपचारको हकभन्दा पीडकहरूलाई संरक्षण हुने किसिमको मेलमिलाप र राहतका स्वरूपहरूमा सीमित छ। यसको विपरीत, नागरिक समाजले भने फौजदारी न्याय र व्यक्तिगत उत्तरदायित्वमा धेरै केन्द्रित हुँदै सत्यको खोजी, परिपूरण र संस्थागत सुधार लगायत सङ्क्रमणकालीन न्यायका अन्य अवयवहरूतर्फ कम ध्यान दिएको छ।"[१] यद्यपि द्वन्द्व पीडितहरूले संगठित भई सङ्क्रमणकालीन न्यायमा गरिएको बेवास्ताबारे बरोबर आवाज उठाउँदै आएका छन्। यही परिप्रेक्ष्यमा विगतका कमजोरी सुधार्दै सरकारले *बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* लाई संशोधन गर्न लागेको हो। संसदीय समितिमा भएको संशोधनपश्चात् उक्त विचाराधीन विधेयक सापेक्षतः पीडितकेन्द्रित भएको द्वन्द्व पीडितहरू बताउँछन्। यद्यपि यसका केही बुँदाहरूमा निर्णय हुन अझै बाँकी छ।

यस विचाराधीन विधेयकमा मानवअधिकारको उल्लङ्घन र गम्भीर उल्लङ्घन भनी बेग्लाबेग्लै परिभाषा गरिएको छ। यसले मानवअधिकारको उल्लङ्घनलाई सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदायविरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट मानवअधिकारको गम्भीर उल्लङ्घन बाहेकका प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानूनविपरीत गरिएको अन्य जुनसुकै कार्य भनेर परिभाषा गरेको छ। त्यस्तै मानवअधिकारको गम्भीर उल्लङ्घन भन्नाले सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रूपमा सशस्त्र द्वन्द्वका पक्षबाट गरिएको स्वेच्छाचारी रूपमा क्रुरतापूर्वक गरिएको हत्या/दोहोरो भिडन्तबाहेक गरिएको हत्या; जबर्जस्ती करणी तथा गम्भीर यौनजन्य हिंसा; व्यक्ति बेपत्ता पार्ने कार्य र अमानवीय वा क्रुरतापूर्वक दिएको यातनालाई मानिएको छ। मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिलाई आयोगले क्षमादानको लागि सिफारिस नगर्ने प्रावधान विधेयकमा राखिएको छ। यसअघि यस्तो अवस्थामा पनि क्षमादानका लागि सिफारिस गर्न सकिने प्रावधान थियो।

संशोधित विधेयकमा सशस्त्र द्वन्द्वको क्रममा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएको खण्डमा एक पटकको लागि तीन महिना म्यादसहित सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी लिने व्यवस्था छ। मानवअधिकार उल्लङ्घन तथा गम्भीर उल्लङ्घनका घटनाको उजुरी राष्ट्रिय मानवअधिकार आयोग वा राष्ट्रिय महिला आयोग लगायतका निकायमा दर्ता भई विचाराधीन रहेको पीडितको निवेदन वा अन्य कुनै स्रोतबाट आयोगलाई जानकारी हुन आएमा आयोगले त्यस्ता उजुरी उपर पनि छानबिन गर्न सक्नेछ।

*बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* मा परिपूरणलाई पीडितको अधिकारको रूपमा भन्दा पनि सुविधा र सहुलियतको रूपमा परिभाषा गरिएको थियो।[२] तर यस विधेयकमा भने परिपूरण, अन्तरिम राहत, क्षतिपूर्ति र पुनर्स्थापनालाई पीडितको अधिकार मानेको छ। बेपत्ता पारिएका व्यक्तिका आफन्तको सम्पत्तिको अधिकार सुनिश्चित गरेको छ। बलात्कार तथा यौनजन्य हिंसा पीडित र यातना पीडितको परिपूरणको हकलाई पनि यसले प्राथमिकता दिएको छ। आयोगले परिपूरणको लागि गरेको सिफारिस चित्त नबुझेमा पीडितले त्यसको आधार र कारण खोली विशेष अदालतमा निवेदन दिन सक्ने प्रावधान विधेयकमा छ। राहत वितरणका लागि अलग्गै कोषको व्यवस्था पनि यस विधेयकले गरेको छ।

यस विधेयकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगअन्तर्गत सत्य अन्वेषण तथा छानबिन एकाइ, परिपूरण एकाइ, मानवअधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटना अनुसन्धान एकाइ, यौनजन्य हिंसा तथा जबर्जस्ती करणीका घटनाको छानबिन एकाइ र पीडित समन्वय एकाइ रहने व्यवस्था छ। यसले आयोगलाई पीडित केन्द्रित भएर पारदर्शी रूपमा काम गर्ने अधिकार दिनुका साथै आयोगलाई लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाउन पनि सहयोग पुग्ने पीडितहरूको दाबी छ।

मूल ऐनमा पीडितको पुनरावेदन सुन्ने कुनै व्यवस्था गरिएको थिएन। तर यो विधेयकमा पीडितको पुनरावेदन सुन्नकै लागि सर्वोच्च अदालतमा सङ्क्रमणकालीन न्यायसम्बन्धी संयुक्त इजलास रहने व्यवस्था पनि छ। सशस्त्र द्वन्द्वका अन्तर्निहित कारणहरूको पहिचान गरी भविष्यमा मानवअधिकार उल्लङ्घन तथा गम्भीर उल्लङ्घनका घटना हुन नदिनका लागि गरिनुपर्ने नीतिगत, कानूनी तथा संस्थागत सुधारको सम्बन्धमा सिफारिस गर्ने भनी विधेयकमा लेखिएको छ।

प्रतिनिधिसभाको उपसमितिले निम्न चार विषयलाई थप छलफलबाट टुङ्गोमा पुर्‍याउन सुझाव दिएको छ :

१. मानवअधिकारको गम्भीर उल्लङ्घनमा समावेश गरिएको स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या वा दोहोरो भिडन्त बाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने भन्ने विषय।

२. सशस्त्र द्वन्द्वको क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने भन्ने विषय।

३. मानवअधिकारको उल्लङ्घनको घटनामा मेलमिलापको लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने भन्ने विषय।

४. घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने भन्ने विषय।[३]

---

[१] सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र र मार्टिन चौतारी। सन् २०१७। *"हामी बिर्सन सक्दैनौं" : द्वन्द्वोत्तर नेपालमा सत्य र स्मृति*। www.ictj.org/sites/default/files/hami%20birsana%20sakdainau%20book.pdf मा उपलब्ध; मंसिर ९, २०८० मा हेरिएको।

[२] परिपूरण भनेको क्षतिपूर्ति मात्र होइन। "क्षतिपूर्तिअन्तर्गत सामान्यतया आर्थिक सहायता र नगद भुक्तानी पर्दछ भने परिपूरणअन्तर्गत पुनर्उद्धार, पुनर्स्थापना, सन्तुष्टि, घटना पुनः नदोहरिने ग्यारेन्टी हुने जस्ता अन्य उपायहरूसमेत समावेश हुन्छ। परिपूरण व्यक्तिगत वा सामूहिक र भौतिक वा सांकेतिक दुवै वा सबैको मिश्रित हुन सक्दछ। न्याय प्रदान गर्नु, विगतका हानि वा क्षतिको सम्बोधन गर्नु, पीडितको पहिचान स्थापित हुनु, सामूहिक सम्झनाको निर्माण गर्नु, उल्लङ्घन तथा हानिको उपचारको माग सम्बोधन गर्नु, राज्यप्रति पीडितहरूको विश्वास स्थापित गर्नु र राज्यले कानूनी दायित्व बहन गराउनु परिपूरणका उद्देश्य हुन्" (चौधरी, सुशील। २०७८। द्वन्द्व पीडितहरूको परिपूरण आवश्यक। *हमार पहुरा*। भदौ २२। https://hamarpahura.com/17737 मा उपलब्ध; मंसिर १०, २०८० मा हेरिएको)।

[३] कानून, न्याय तथा मानवअधिकार समिति। २०८०। कानून, न्याय तथा मानवअधिकार समितिबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा

सदनबाट सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पास नभएकोले आयोगमा अध्यक्ष लगायत पदाधिकारी नियुक्त भएका छैनन् र आयोगले काम अगाडि बढाउन सकेको छैन। द्वन्द्व पीडितहरूले अहिलेको विधेयकमा छलफल गर्नुपर्ने बुँदाहरूलाई चाँडै सल्टाएर पास गर्न माग गरेका छन्।

## ३. पीडित केन्द्रित सङ्क्रमणकालीन न्याय

नेपालको सङ्क्रमणकालीन न्यायको बहसमा दुईथरी विचार प्रबल रूपमा अगाडि देखिन्छ। एउटा, द्वन्द्वका क्रममा भएका यावत विषयलाई आममाफी दिएर मेलमिलापमा जानुपर्छ भन्ने हो। अर्को, सङ्क्रमणकालीन न्यायलाई फौजदारी अभियोजन मार्फतमात्र टुङ्ग्याउनुपर्छ भन्ने हो। यी दुई विचारको घर्षणले पनि सङ्क्रमणकालीन न्याय पेचिलो बनेको हो। यी दुवैको मिश्रित प्रक्रियाबाट पीडितलाई केन्द्रमा राखी संक्रमणकालीन न्यायको वास्तविक समाधान खोजिनुपर्छ भन्ने तर्क संक्रमणकालीन न्यायसम्बन्धी एक विज्ञले गरेका छन्।[४]

द्वन्द्वोत्तर सङ्क्रमणकालीन न्याय पीडितमैत्री हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता हो। नेपाली सन्दर्भमा पनि राजनीतिक दलका नेता, मानवअधिकारवादी संघसंस्थाका प्रतिनिधि आदिले सङ्क्रमणकालीन न्याय पीडित केन्द्रित हुनुपर्छ भन्दै आएको पाइन्छ। तर तिनले सार्वजनिक खपतका लागि मात्र त्यसरी बोल्ने गरेको पीडितहरूले गुनासो गरे। सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विभिन्न प्रक्रियामा पीडितको सहभागिता भएमा मात्र उनीहरूले त्यसमा अपनत्व ग्रहण गर्न सक्छन्। अधिकांश पीडित भौगोलिक, आर्थिक र सामाजिक रूपमा सीमान्तकृत समुदायका छन्। एक प्रतिवेदनमा यसबारे लेखिएको छ, "आदिवासी जनजाति र दलित समुदायका मानिसहरू असमानुपातिक रूपमा मानवअधिकार दुर्व्यवहारका पीडित भएका थिए। तिनीहरू पीडित बनाइनुका कारणको जरा लामो समयदेखि चलिआएको जात र जातीय विभेदसँग जोडिएको थियो। सशस्त्र द्वन्द्वको परिप्रेक्ष्यमा, दलितहरू, जनजातिहरू विशेषगरी मानवअधिकार दुर्व्यवहारको जोखिममा थिए।"[५] राज्य पक्षले तिनलाई विद्रोहीप्रति सहानुभूतिपूर्वक सहयोग गरेको भनी आशंका गर्दथ्यो भने विद्रोही पक्षले आफ्ना सैन्य समूहमा आउन र अन्य सहयोग गर्न जोडबल लगाउने हुनाले ती दोहोरो जोखिममा थिए। तर द्वन्द्वोत्तर कालमा तिनलाई बिर्सियो। सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक तथा आयोग निर्माणमा उनीहरूको सहभागितालाई बेवास्ता गरिएको पीडितहरूको आरोप छ। गम्भीर मानवअधिकार उल्लङ्घनका पीडितहरूको राष्ट्रिय सञ्जालका संयोजकले भने, "कतिपय पीडितलाई सङ्क्रमणकालीन न्याय भनेको थाहा छैन। राज्यले के गरेमा पीडितलाई न्याय हुन्छ, सन्तोष हुन्छ भनेर पीडितलाई सोधिनु पर्दथ्यो। तर त्यसरी कसैले पनि सोधेन। कुनै प्रक्रियाले पनि पीडितको आवश्यकतालाई सम्बोधन गर्ने प्रयास नै गरेन।" अर्कोतिर, पीडितहरूले स्वस्फूर्त रूपमा आफ्नो कुरा राख्न सक्ने मञ्च पनि निर्माण गरिएन, न त पीडितहरू नै आफूले भोगेका पीडा स्वस्फूर्त भन्न सक्ने अवस्थामा थिए। कानूनी तथा अभियोजनमुखी न्यायमा मात्र बहस केन्द्रित नगरी सत्यतथ्य थाहा पाउने र पीडितहरूको आर्थिक, सामाजिक न्याय, स्मृति तथा आत्मसम्मानको सुनिश्चितता गर्नुपर्ने पीडितको माग छ।

## ४. विधेयकमा जोडिएका राजनीतिक पक्ष

मंसिरमा सम्पन्न संसदीय निर्वाचनपश्चात् पुस १०, २०७९ मा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भए। त्यसपछि फागुन २५, २०७९ मा *बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९* संसद्मा दर्ता भयो। तत्कालीन प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले उक्त विधेयक चैत ५, २०७९ मा संघीय संसद्को प्रतिनिधिसभामा पेश गरिन्। भोलिपल्ट (चैत ६, २०७९ मा) पुष्पकमल दाहालले विश्वासको मत लिने क्रममा बोल्दा अघिल्लो दिन संसद्मा पेश भएको विधेयकको विषय पनि उठाए।[६] उनले भने, "यो कुनै दल विशेषको मुद्दा वा सरोकारको विषय नभई देशले समाधान गर्नुपर्ने राष्ट्रिय विषय हो। शान्ति प्रक्रियाका बाँकी काम र सङ्क्रमणकालीन न्यायलाई चाँडै टुङ्ग्याउने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ।" सङ्क्रमणकालीन न्यायका लागि राजनीतिक आस्थाभन्दा माथि उठेर सबै सरोकारवालाले आफ्नो दायित्व निर्वाह गर्नुपर्नेमा उनको जोड थियो।

प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिमा अहिले यो विधेयक विचाराधीन छ। यसअघि उपसमिति गठन गरेर विधेयकउपर धेरै दफाहरूमा सहमतिमा पुगिएको थियो। उपसमितिले थप छलफल गरेर टुङ्गोमा पुऱ्याउनुपर्ने भनी पहिल्याएका चार विषयहरूमा शीर्ष राजनीतिक नेतृत्वबीच सहमति हुनुपर्ने बताइन्छ। कानून, न्याय तथा मानवअधिकार समितिकी सभापतिले भनिन्, "विधेयकका सैद्धान्तिक पक्षमा कसैको असहमति छैन। खाली केही परिभाषागत प्रस्टतामा राजनीतिक सहमति जुट्न नसकेको हो। तसर्थ, यसले राजनीतिक दलको शीर्ष तहमा सहमतिको आवश्यकता औँल्याएको छ। सहमतिबाट समाधान निस्केन भने संसदीय प्रक्रिया (बहुमत र अल्पमत) को बाटो अपनाउनुपर्ने हुन्छ। तर यो गम्भीर विषयमा सहमतिकै बाटो उपयुक्त हुने समितिको पनि जोड हो।"

विस्तृत शान्ति सम्झौतामा सहभागी तत्कालीन आठ दलमध्ये मुख्य तीन दल नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) [(नेकपा (एमाले)] र नेकपा माओवादी हुन्। तीमध्ये नेपाली काँग्रेस र नेकपा माओवादीका नेताहरूले हाल सङ्क्रमणकालीन न्यायसम्बन्धी कानून निर्माणमा राजनीतिक दलको सहमति बन्न नेकपा (एमाले) ले अवरोध गरेको बताएका छन्। साथै, सदनमा दर्ता भएको विधेयक पास गर्न सहमतिको वातावरण बनोस् भनेर विपक्षी दलहरूसँग सहकार्य पनि गरिएको सत्ता पक्षीय

---

मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिको प्रतिवेदन। कानून, न्याय तथा मानवअधिकार समिति, प्रतिनिधिसभा, संघीय संसद।

[४] न्यौपाने, सागर। २०८०। संक्रमणकालीन न्याय बहुमतको भरमा टुङ्ग्याउँदा भोलि मुद्दा 'रिओपन' हुन सक्छः टीका ढकाल। *नेपालखबर*। https://nepalkhabar.com/interview/162864-2023-4-8-21-4-42 मा उपलब्ध; मंसिर ११, २०८० मा हेरिएको।

[५] सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र र मार्टिन चौतारी। सन् २०१७। *"हामी बिर्सन सक्दैनौ" द्वन्द्वोत्तर नेपालमा सत्य र स्मृति*। www.ictj.org/sites/default/files/hami%20birsana%20sakdainau%20book.pdf मा उपलब्ध; मंसिर ९, २०८० मा हेरिएको।

[६] मंसिर २०७९ मा सम्पन्न संसदीय निर्वाचनपछि सात दल (नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी) को समर्थनबाट पुस १०, २०७९ मा पुष्पकमल दाहाल प्रधानमन्त्रीमा नियुक्त भएका थिए। त्यसबेला पुस २६, २०७९ मा विश्वासको मत लिएका थिए। दाहाल नेतृत्व सरकारलाई समर्थन गरेका नेकपा (एमाले) र राप्रपाले समर्थन फिर्ता लिई सरकारबाट पनि बाहिरिएपछि प्रधानमन्त्री दाहाल पदमा निरन्तर हुन पुन: प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपरेको थियो।

दलका नेताको राय छ । यसै सन्दर्भमा नेकपा (माओवादी केन्द्र) का एक स्थायी कमिटी सदस्यले भने, "संसद्मा प्रतिपक्षी दलले लेखा समितिको सभापति लिने बाँकी सबै सत्ता पक्षले लिने चलन छ । तर, सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई चाँडो सदनबाट पास गराउने भनेर एमाले, राप्रपा लगायत विपक्षी दलहरूलाई तीन ओटा संसदीय समितिको सभापति दिएर मिलाएका हौँ । समझदारीपूर्ण ढङ्गले विधेयकलाई अगाडि बढाउन यो सहमति गरिएको थियो । बहुमतबाट नै निर्णय गर्ने हो भने त सदनमा नेपाली काँग्रेस र माओवादीको बहुमत छ । तर सङ्क्रमणकालीन न्यायका साथै सदनका अरू मुख्य कामहरूलाई पनि सहमतिबाट नै लैजाऔँ भनेर त्यसो गरिएको थियो । प्रमुख प्रतिपक्षी दल सङ्क्रमणकालीन न्यायमा भएको समझदारीमा पछि हटेको छ ।" सत्ता गठबन्धनकै नेपाली काँग्रेसका एकजना केन्द्रीय सदस्यले पनि सङ्क्रमणकालीन न्यायको कुरालाई अल्झाएर नेकपा (एमाले) ले सत्ता गठबन्धनलाई अप्ठ्यारो पार्ने र सत्ता गठबन्धन भत्काउने कोसिस गरेको बताए । सत्ता गठबन्धन तोडेमा सङ्क्रमणकालीन न्यायको विधेयक पास गर्न सहयोग गर्छौं भनेर प्रधानमन्त्री पुष्पकमल दाहाललाई नेकपा (एमाले) ले दबाब दिएको हुन सक्ने तर्क उनले गरे । त्यस्तै तर्क गर्दै नेकपा (माओवादी केन्द्र) का एक नेताले भने, "नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालको 'गर्धनमा सङ्क्रमणकालीन न्यायको धारिलो तरबार झुण्ड्याएर' दबाबमा राख्ने रणनीतिसहित नेकपा (एमाले) ले विधेयक अगाडि बढाउन चाहेको छैन । यही विधेयकलाई अड्काएर नेकपा (एमाले) ले विभिन्न संवैधानिक नियुक्तिमा सरकारसँग भाग खोजेको छ।"

तर, प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का उपमहासचिव प्रदीप ज्ञवालीले सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दामा नेकपा (एमाले) को कुनै पनि राजनीतिक स्वार्थ नरहेकोले पीडितलाई न्याय दिने गरी सो मुद्दा टुङ्गोमा पुऱ्याउनुपर्नेमा स्पष्ट रहेको बताए ।[७] नेकपा (एमाले) का लागि संसदीय समितिका सभापति जस्ता पद धेरै महत्त्वपूर्ण नभएकोले बरु नेकपा माओवादीका लागि अहिले समितिमा रहेको विधेयक पास भएमा माओवादी नेतृत्वमाथि नै मुद्दा दायर हुन सक्ने भएकोले प्रधानमन्त्री पुष्पकमल दाहाल नै यो विधेयक अगाडि बढाउन इच्छुक नरहेको सङ्क्रमणकालीन न्यायमा अनुसन्धान गरेका एक विश्लेषकले दावी गरे ।

प्रतिनिधिसभामा पुगेको विधेयक शीर्ष नेतृत्वको सहमतिको नाममा अड्कनुले सार्वभौम सदनप्रति पनि प्रश्न खडा गरेको छ । द्वन्द्वका असर बाँकी राखिरहने हो भने पुनः यस्ता सशस्त्र द्वन्द्व निम्तिने जोखिम हुन्छ । त्यसैले पीडितहरूलाई न्याय प्रदान गरी दिगो शान्ति स्थापना गर्नेतर्फ लाग्नु नै सबै राजनीतिक दलहरूको सामूहिक दायित्व हो ।

## ५. निष्कर्ष

सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको छानबिन र अनुसन्धान गरी समाजमा न्याय र दिगो शान्ति कायम गर्न नियमित फौजदारी न्याय प्रणालीको परिपूरकको रूपमा सङ्क्रमणकालीन न्यायिक संयन्त्रको स्थापना गरिन्छ । नेपालको सन्दर्भमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताका साथै विस्तृत शान्ति सम्झौता र नेपालको संविधानको पालना भने सङ्क्रणकालीन न्यायले गरेको हुनुपर्छ ।

विस्तृत शान्ति सम्झौताले १७ वर्ष पार गरिसक्दा पनि सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुग्न नसक्दा पीडितहरू थप आहत र आक्रोशित बन्दै गएका छन् । 'ढिला न्याय दिनु भनेको न्याय नदिनु हो' भन्ने न्यायको सर्वमान्य सिद्धान्त हो । सङ्क्रमणकालीन न्याय ढिलो हुँदा प्रमाण लोप हुने, पीडित थाक्ने र गल्ने हुनाले पीडकले उन्मुक्ति पाउँछन् । सङ्क्रमणकालीन न्यायको विषय थाती रहनु भनेको शान्ति प्रक्रिया नटुङ्गिनु हो । राजनीतिक दलका शीर्ष नेतृत्वले सङ्क्रमणकालीन न्यायलाई राजनीतिक सौदाबाजीको विषय बनाउनु विडम्बनापूर्ण कार्य हो । सङ्क्रमणकालीन न्यायलाई राजनीतिक दलले दिने प्राथमिकता सरकारमा रहँदा र सरकारबाट बाहिरिएपछि फरकफरक देखिन्छ । प्राथमिकतामा आउने यो विभेदले सङ्क्रमणकालीन न्यायलाई सुस्त र जटिल बनाएको छ । राजनीतिक दलको दृढ इच्छाशक्तिविना सङ्क्रमणकालीन न्यायले पूर्णता पाउन सक्दैन ।

प्रतिनिधिसभाको कानून, न्याय तथा मानवअधिकार समितिले उपसमिति नै गठन गरी विधेयकमाथि छलफल गराएको थियो । उक्त उपसमितिमा विधेयकउपर घनीभूत छलफल भई त्यसमा संशोधन पनि गरिएको छ । यद्यपि विधेयकमा थप स्पष्ट पार्नुपर्ने केही विषयहरू बाँकी नै छन् । यस्तो परिप्रेक्ष्यमा सत्ता पक्ष र प्रतिपक्षको राजनीतिक लेनदेन र स्वार्थको कोपभाजनमा परी विधेयक पास हुन ढिला भएको बताइएको छ । द्वन्द्व पीडितले दलहरूबीच असहमतिको बुँदालाई सहमति गरेर शिघ्रातिशिघ्र सदनबाट पास गर्न माग गरेका छन् । शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन र द्वन्द्वका असर कम गर्नका लागि सङ्क्रमणकालीन न्याय निरूपण अपरिहार्य आवश्यकता हो । पीडितको पीडा कम गराउने र दण्डहीनता हटाउने उपाय पनि यही नै हो । तसर्थ विधेयक पास गरी पीडितहरूको सहभागिता र सहकार्यमा सङ्क्रमणकालीन न्यायसम्बन्धी कामकारवाही निष्कर्षमा पुऱ्याउन अति आवश्यक देखिन्छ ।

◆◆◆

[७] **अनलाइनखबर ।२०८०। सङ्क्रमणकालीन न्याय सम्बन्धी मुद्दामा एमालेको राजनीतिक स्वार्थ छैन : प्रदीप ज्ञवाली ।** www.onlinekhabar.com/2023/11/1395013 **मा उपलब्ध; मंसिर ९, २०८० मा हेरिएको ।**

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले गरेका अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्दतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
कुपण्डोल, ललितपुर, नेपाल | फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org | https://www.democracyresource.org/